नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
चैत्र/वैशाख २०६६/२०६७ (April 2010) वर्ष १४/अंक १५७

## पुनरुत्थानको आशिष्

–पास्टर रोबर्ट कार्थक

खीष्ट येशू प्रभु मरेकाहरूबाट नबिउँताइनुभएको भए, उहाँले हामी पापीहरूको निम्ति चढाउनुभएको उहाँको प्राणको बलिदान परमेश्वरले ग्रहण गर्नुभयो भन्ने कुरा प्रमाणित नै हुने थिएन । उहाँ हाम्रो अपराधको निम्ति मारिनुभयो र हामी धर्मी ठहरिनलाई बिउँतनुभयो (रोमी ४:१५) ।

खीष्ट येशू मरेकाहरूबाट नबिउँताइनुभएको भए उहाँको क्रूसको बलिदानको केही महत्त्व नै हुने थिएन । ती दिनहरूमा ज्यान-सजाय भोग्ने कति मानिसहरू उहाँ जस्तै क्रूसमा झुण्डचाइन्थे । उहाँ पनि तिनीहरूसरह दण्ड भोग्ने एउटा मानिस बन्नु हुनेथियो । उहाँको पुनरूत्थानले उहाँलाई मुक्तिदाता प्रमाणित गऱ्यो नत्रता उहाँ एउटा असल कामको निम्ति आफ्नो प्राण गुमाउने शहीद जस्तो मात्र ठहरिनु हुनेथियो । उहाँको पुनरूत्थान बिना उहाको क्रूसको मृत्यु अर्थहीन हुनेथियो । त्यति मात्र होइन तर १ कोरिन्थी १५:१४ र १७ अनुसार उहाँ मरेकाहरूबाट नबिउँताइनुभएको भए हाम्रो विश्वास पनि व्यर्थ हुनेथियो, हाम्रो प्रचार पनि व्यर्थ हुनेथियो, हामी अझसम्म पनि आफ्नो पापमा नै रहिरहेका हुने थियौं, हाम्रो मुक्तिको निम्ति खीष्ट येशूको महापवित्र बलिदानलाई सार्थक बनाउनलाई उहाँको पुनरुत्थान अति आवश्यक थियो ।

हिब्रू २:१४-१५ ले भन्दछ, ***"छोरा-छोरीहरू रगत र मासुको सहभागी भएका हुनाले उहाँ पनि मृत्युको सामर्थ्य भएको अर्थात् शैतानलाई मृत्युद्वारा रद्दी पार्नलाई यिनैको सहभागी हुनुभयो । औ मृत्युको डरले जीवनभरि दासत्वमा फसेकाहरू सबैलाई छुट्टाउनलाई पनि हो ।"***

आत्मामा नै रहेर उहाँले हाम्रो उद्धार गर्न सक्नुहुने थिएन, यसैले उहाँलाई मानव शरीरमा अवतार लिएर मान्छे भएरै आउनुपऱ्यो । रगत नबगाएसम्म पाप मोचन हुँदैन भन्ने परमेश्वरको वचन पूरा गर्न उहाँलाई मासु र रगत भएको एउटा शरीरको आवश्यकता पऱ्यो किनकि आत्माको रगत हुँदैन । संसारको अरू कुनै मानिसमा निस्पाप र निर्दोष रगत नभएको हुनाले पापी मानिसको पापी रगतले पापी मानिसको उद्धार हुन नसक्ने भयो । निर्दोष पशु-पंक्षीहरूको रगत पनि मुक्तिको लागि पर्याप्त भएन (हिब्रू १०:४), कारण मानिस मानिस हो, पशु-पंक्षी पशु-पंक्षी मात्र हुन् । यसैले पाप नगर्ने, पाप नचिन्ने, पापनै नभएको येशू प्रभुको पवित्र, निस्पाप र अनमोल रगत हाम्रो मुक्तिको लागि बग्नुपऱ्यो, । उहाँको निस्पाप, पवित्र र अनमोल रगतद्वारा हामीले पाप-क्षमा पाएका छौं अनि हाम्रो उद्धार भएको छ ।

हिब्रू २:१४ अनुसार उहाँले मृत्युको सामर्थ्य भएको शैतानलाई मृत्युद्वारा नै रद्दी पार्नुभयो र पराजित गर्नुभयो । येशूको मृत्यु हुँदा शैतान अत्यन्तै खुशी भएको थियो र रमाएको थियो । तर तेस्रो दिन उहाँको पुनरुत्थान हुँदा त्यो साह्रै निराश भयो र लज्जित भयो । त्यसले येशूलाई जितेको रहेनछ । बरू उहाँलाई क्रूसमा झुण्डचाएर मार्ने काम गरेर पापी मानिसहरूको उद्धार गर्ने काममा परमेश्वरलाई सघाएको पो रहेछ । खीष्टलाई क्रूसमा नमारेको भए पापीहरूको उद्धार हुने नै थिएन, साथै उहाँको पुनरुत्थान हुने नै थिएन कारण मृत्युपछि मात्र पुनरुत्थान हुन्छ । परमेश्वरले पहिलेबाटै ठहराउनुभएको निश्चित योजना र पूर्व ज्ञानअनुसार येशूलाई क्रूसमा मार्ने काम गरेर त त्यसले परमेश्वरकै सेवा पो गरिहेकोरहेछ । भजनसंग्रह ११९:९१ अनुसार सबै थोक उहाँका चाकरहरू हुन्, यस कुरामा पनि शैतानले परमेश्वरको चाकरझैं उहाँको सेवा गरेको थियो । त्यसले येशूलाई क्रूसमा चढाउने काम गऱ्यो, त्यसपछि परमेश्वरले कबरबाट निकाल्ने काम गर्नुभयो । मृत्युद्वारा नै मृत्युको सामर्थ्य भएको शैतानलाई जित्नलाई खीष्ट प्रभु मृत्युमाथि विजयी भएर बिउँतनुभयो । खीष्ट मरेकाहरूबाट बिउँतिएर फेरि मर्नुहुन्न, मृत्युको फेरि उहाँमाथि राज्य हुँदैन (रोमी ६:९) ।

१ कोरिन्थी १५:२०-२१ मा लेखिएको छ, ***"तर अब मर्नेहरूमा पहिलो फल भएर खीष्ट मरेकाहरूबाट बिउँतनुभएको छ । किनकि जसरी आदममा सबै मर्दछन् त्यसरी खीष्टमा पनि सबै जीवित हुनेछन् । खीष्ट प्रभु आफैले भन्नुभयो, 'किनकि म जीवित छु ।' तिमीहरू पनि जीवित रहनेछौ '*** (यूहन्ना १४:१९) । उहाँले यसरी पनि भन्नुभयो, 'साँचो-साँचो म तिमीहरूलाई भन्दछु, गहुँको दाना भूइँमा परेर मरेन भने त्यो एक्लै रहन्छ । मऱ्यो भने त्यसले धेरै फल फलाउँछ ।' उहाँ मर्नेहरूमा पहिलो फल हुनुहुन्छ, अरू धेरै फलहरू उहाँपछि आउँदैछन् ।

उहाँमाथि विश्वास गर्नेहरू मरे भने पनि जीवित हुनेछन् अनि जिउने र उहाँमाथि विश्वास गर्नेहरू कहिल्यै मर्ने छैनन् (यूहन्ना ११:२५) । हाम्रो पनि एकदिन उहाँको जस्तै पुनरुत्थान हुनेछ । उहाँको दोस्रो आगमनमा उहाँमा मर्नेहरू अविनाशी रुपमा बिउँताइनेछन् । (१ कोरिन्थी १५:५२, १ थिसलोनिकी ४:१६), त्यस बेला हामी विश्वासीहरू हरेकले उहाँबाट पुनरूत्थानको एउटा महिमित शरीर पाउनेछौं । अहिले हाललाई हामीले उहाँबाट पुनरूत्थानको जीवन पाएका छौं । रोमी ८:११ ले भन्दछ, 'यदि येशूलाई मरेकाबाट बिउँताउनु हुनेका आत्मा तिमीहरूमा बास गर्नुहुन्छ भने खीष्ट येशूलाई मरेकाबाट बिउँताउनु हुनेले नै तिमीहरूमा बास गरेका उहाँका आत्माद्वारा तिमीहरूका नाशवान शरीरहरूलाई पनि जीवित पार्नुहुनेछ ।' येशूलाई मरेकाहरूबाट बिउँताउनुहुने परमेश्वरको आत्मा 'पवित्र आत्मा' स्वयं हामीमा, हाम्रो यही नाशवान शरीरमा बस्नु हुन्छ । परमप्रभु परमेश्वरले उहाँद्वारा नै हाम्रो जीवनका सबै क्षेत्रमा पुनरुत्थानको आशिष दिँदै हुनुहुन्छ ।

घर-परिवार र मण्डलीमा मरेको वा मर्न लागेको पारस्परिक सम्बन्ध, आर्थिक, शारीरिक, मानसिक, आत्मिक मरेको अवस्था, मरेको आशा, आकांक्षा, उत्साह र प्रेरणामा पवित्र आत्माद्वारा फेरि पुनरुत्थानको जीवनको संचार हुनुपरेको छ । भत्केका कुरा फेरि बन्नुपरेको छ ।

ओइलाएका कुरा फेरि फस्टाउनु परेको छ । मरेका कुरा फेरि पुनर्जीवित हुनुपरेको छ । यो हाम्रो निम्ति पुनर्प्राप्तिको समय हो । सलहले खाएका वर्षहरू फिर्ता पाउने समय हो । पुनरुत्थानका आशिषहरूमा रमाउने समय हो ।

***'त्यो बेला आउँछ औ अहिले नै हो, जब मरेकाहरूले परमेश्वरको पुत्रको सोर सुन्नेछन् र सुन्नेहरू जिउनेछन्' (यूहन्ना ५:२५) ।***

'ए निदाउने, बिउँझी, र मुर्दाहरूबाट उठ, र ख्रीष्टको ज्योति तँमाथि चम्कनेछ' (एफिसी ५:१४) ।

## सारा संसारको मानव जातिको उद्धारको निम्ति क्रूसमा मर्नुभएको ख्रीष्ट येशू प्रभुको पुनरूत्थान (Easter) साथै नव वर्ष २०६७ सालको सुखद अवसरमा देशभित्र र देशबाहिर हुनुभएका सम्पूर्ण मण्डली परिवारमा हार्दिक शुभ-कामना व्यक्त गर्दछौं ।

### जानकारी

१. फागुन १८ गते/मार्च २ ता. मंगलबार पश्चिम नेपाल, धनगढीमा १७४ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो । उक्त सेवकाईको लागि आदरणीय पाष्टर रोबर्ट कार्थक, पाष्टर बिर बहादुर खवास, डीकन गोपाल शर्मा, श्रीमती शीला शर्मा, श्री आर. अञ्जान घले, श्री सैदिप तामाङ्ग, श्री प्रकाश राई र श्री योना खालिङ जानुभएको थियो । बप्तिस्माका सहभागीहरूमा १६ वर्षदेखि १०० वर्षमाथिका महिलाहरू समेत थिए ।

२. फागुन २२ गते/मार्च ६ ता. शनिबार दोलखा, दुम्बाका २१ जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो । उक्त सेवकाईको लागि डीकन जनक लाल श्रेष्ठ, श्री कृष्ण श्रेष्ठ र श्री एलिया थामी जानुभएको थियो ।

३. फागुन २६-२८ गते/मार्च १०-१२ ता. बुधबार-शुक्रबार दोलखा, तीखतल मण्डलीमा दोलखा जिल्लाअन्तर्गतका शाखा/आवद्ध मण्डलीका अगुवाहरूको तालिम सुसम्पन्न भयो । उक्त तालिमको लागि पाष्टर महेश थाँजु, पाष्टर सामुएल कार्थक, श्री लेखनाथ पौडेल, नूह थामी र श्रीमती दीक्षा थामी जानुभएको थियो ।

४. चैत्र ७ गते/मार्च २० ता. शनिबार नेइम जोरपाटी मण्डलीको २७, जहरसिंह पौवाको ८, गाम्छाको ६ र सुन्दरीजलको २ गरी जम्मा ४३ जना विश्वासीहरूले नेइम जोरपाटी र जहरसिंह पौवामा समर्पण गर्नुभयो ।

### मार्च महिनाको कार्यक्रम

१. चैत्र २२ गते/अप्रिल ४ ता. आइतबार बिहान ६:०० बजे **सूर्योदय सेवा** आ-आफ्नो मण्डलीमा

२. वैशाख १ गते/अप्रिल १४ ता. बुधबार बिहान १०:००-२:०० बजेसम्म **प्रार्थना र बसन्त सम्मेलन** आ-आफ्नो मण्डलीमा

### जानकारी



बत्तीस पुतली बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य **श्रीमती रत्न कुमारी सुनुवार** ८६ वर्षको उमेरमा फागुन २४ गते/मार्च ८ ता. सोमबार प्रभुमा सुत्नुभयो ।



आनन्द वन बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य **श्रीमती मैसानी तामाङ्ग** ८४ वर्षको उमेरमा चैत्र ३ गते/मार्च १६ ता. मंगलबार प्रभुमा सुत्नुभयो ।

### साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ८:०० र ११:०० बजे | ज्ञानेश्वर |
| | शनिबार | बिहान ९:०० र ११:०० बजे | ललितपुर |
| | शनिबार | बिहान १०:३० बजे | जोरपाटी, गोंगबूँ, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुर्जुधारा, सिर्जनानगर भक्तपुर, रानीपौवा र सुन्दरीजल |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एकपल्ट | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोगबूँ, सुन्दरीजल |
| | | महिनामा दुईपल्ट | जोरपाटी |
| घरेलु संगति | बुधबार, बिहीबार, शुक्रबार साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:१५ बजे | नयाँ वानेश्वर |
| | सोमबार | बिहान ६:१५ बजे | ज्ञानेश्वर, जोरपाटी, नाडलेभारे, गाम्छा, नयाँपाटी, गोंगबूँ, पनौती र सिर्जनानगर |
| | मंगलबार | बिहान ६:१५ बजे | धापासी र बौद्ध-बज्रनगर, कमलाक्षी |
| | बुधबार | बिहान ६:१५ बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैंसेपाटी |
| | बिहीबार | बिहान ६:१५ बजे | गोंगबूँ, कमलाक्षी |
| | शुक्रबार | बिहान ६:१५ बजे | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, पनौती, कालीमाटी र गाम्छा, सुन्दरीजल |

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुर्जुधारा | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | गोंगबूँ | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| चैत्र २८ गते, अप्रिल १० ता. | पाष्टर सामुएल कार्थक | श्री सुरेन्द्र परियार | श्री सिद्धि खालिङ्ग | पाष्टर जीवन गुरूङ्ग | पाष्टर दफ्तन सादा | श्री नवराज के.सी. | पाष्टर प्रेम श्रेष्ठ | डीकन जमान तामाङ्ग | डीकन अष्ट श्रेष्ठ | डीकन सागर थापा | पाष्टर रोबर्ट कार्थक | श्री चित्र ब. बी.सी. |
| वैशाख ४ गते, अप्रिल १७ ता. | पाष्टर प्रेम श्रेष्ठ | एल्डर पूर्ण सुनुवार | पाष्टर अशोक मुखिया | पाष्टर रोबर्ट कार्थक श्री दानिएल घले | पाष्टर एल.पी. न्यौपाने | डीकन जनकलाल श्रेष्ठ | पाष्टर एस. सोदेम्बा | डीकन सागर थापा | डीकन दानिएल सापकोटा | डीकन जमान तामाङ्ग | पाष्टर राजेन्द्र रोंगोंग | डीकनेस् निर्मला ढुङ्गेल |
| वैशाख ११ गते, अप्रिल २४ ता. | पाष्टर अशोक मुखिया | श्रीमती रश्मिला तामाङ्ग | श्री सुरेश पुरकोटी | श्री डा. स्टिभ नोबल | डीकनेस् श्रीलक्ष्मी सैंजु | श्री किशोर राई | पाष्टर महेश थाँजु | डीकन जमान तामाङ्ग | डीकन दानिएल सापकोटा | डीकन गोपी राई | सुश्री अनिता के.सी. | श्री सुरेन्द्र सापकोटा |
| वैशाख १८ गते, मे १ ता. | पाष्टर रोबर्ट कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर रोल्याण्ड रोंगोंग | श्रीमती गंगा श्रेष्ठ | संयुक्त सेवा ललितपुर चर्च | पाष्टर एस. सोदेम्बा | सुश्री भिममाया तामाङ्ग | पाष्टर प्रेम श्रेष्ठ | डीकन सागर थापा | एल्डर के.बी. तामाङ्ग | संयुक्त सेवा गोंगबूँ चर्च |

## प्रार्थनाका विषयहरू

१. गूड फ्राइडे र ईस्टरको समयमा प्रचारिएको सुसमाचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।

२. २०१० साल मिशनको वर्ष भएको हुनाले मण्डलीबाट धेरैले देशभित्र र देशबाहिर आवश्यकता भएको मण्डली र स्थानहरूमा मिशनेरी भएर जानको लागि बोलावट पाउन सकून् ।

३. यस वर्ष सुसमाचार धेरै ठाउँहरूमा प्रचारिएको होस् । सुसमाचारप्रचार गर्नलाई हामी सबै प्रार्थनासहित लागिपर्न सकौं जसको फलस्वरूप धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।

४. नेपालका सुसमाचार पुग्न नसकेका गाउँ, जिल्लाहरूमा र मण्डली स्थापना हुन नसकेका ठाउँहरूमा सुसमाचार पुग्न सकोस् र मण्डली स्थापना भएको होस् ।

५. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, राजनैतिक पार्टीहरूलाई देश चलाउनको निम्ति ज्ञान बुद्धि, एकता, मेल मिलाप मागिदिऔं साथै सबैको हित हुने ठीक संविधान समयमा बनि सकून् ।

६. नेइम अन्तर्गतका मण्डलीहरू ज्ञानेश्वर, ललितपुर, जोरपाटी, गोंगबूँ, पनौती, नगरकोट, जहरसिंह पौवा, सिर्जननगर, गाम्छा, रानीपौवा, गुर्जुधारा मण्डलीहरूको सेवा संगतिहरूमा मण्डलीको वृद्धिको लागि परमेश्वरबाटको आशिष मागौं साथै यी मण्डलीहरूमा सेवकाई गर्नुहुने अगुवा गुरूजनहरूको लागि पनि प्रार्थना गरौं ।

७. नेपाल देशका सबै मण्डलीहरू प्रार्थना, वचन, पढाई, स्तुति प्रशंसा, सुसमाचार प्रचार, प्रेम र पवित्रताको क्षेत्रमा अझै अघि बढ्दै जान सकून् साथै खीष्ट प्रभुको दोस्रो आगमनको निम्ति सधैं तयार रहनेहरू हुन सकून् ।

८. नेइमअन्तर्गतका शाखा/आवद्ध मण्डलीहरू साथै देशभित्र, देशबाहिर मिशनरी भएर सेवकाईको लागि जानुभएकाहरूको सेवकाई, मण्डली साथै संगति झुण्डहरूको लागि प्रार्थना गरिदिऔं ।


## हार्दिक बधाई



**श्रीमान् रामप्रसाद र श्रीमती सावित्री काङमाङ्ग राई** विवाहित दम्पत्ति हुनुहुन्थ्यो । तर विवध कारणवश विगत १५ वर्ष यता उहाँहरू एकआपसमा अलग र सम्पर्कविहीन हुनुहुन्थ्यो । यसै वर्ष श्रीमान् रामप्रसाद काङमाङ्गले मलेशियामा र श्रीमती सावित्री काङमाङ्गले इस्राएलमा प्रभु येशूलाई ग्रहण गरी पानीको बप्तिस्मा लिनुभयो । जब पानी बप्तिस्मा लिएर प्रभुमा आउनुभयो । उहाँहरूले एकअर्का कहाँ हुनुहुन्छ भनी थाहा पाउनुभयो । फागुन २० गते/मार्च ४ ता. बिहीबार नेइम जोरपाटी मण्डलीमा विशेष प्रार्थनासहित उहाँहरूको यो जोडीलाई प्रभुमा पुन: मिलन गराउनुभएकोमा परमेश्वरबाट आशिष् मागिदिने काम भयो ।



श्री गंगाराम न्यासुर



सुश्री रञ्जना ढुङ्गेल

चैत्र १५ गते/मार्च २८ आइतबार वनटेन थियोलोजिकल कलेज, कलकत्ता,भारतबाट ईश्वरीय शास्त्रमा बी.टी.एच. (स्नातक तह) उत्तीर्ण भई दीक्षित हुनुभएकोमा नेइम ललितपुर मण्डलीका सदस्य **श्री गंगाराम न्यासुर** तथा नेइम गोंगबूँ मण्डलीकी सदस्या **सुश्री रञ्जना ढुङ्गेल**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई व्यक्त गर्दछौं ।

## दैनिक प्रार्थनाका विषयहरू

| | | | | |
|---|---|---|---|---|
| **आइतबार SUNDAY** | **२२ 4**<br>खीष्ट येशूलाई विश्वास गर्ने सबैले पुनरूत्थान-विजयको जीवन जिउन सकून् ।<br>रोमी ६:१-१४ | **२९ 11**<br>मण्डलीलाई अगुवाई गरिराख्नुभएकाहरू सबै एउटै दर्शनमा अघि बढ्न सकून् र मण्डलीलाई पनि अघि बढाउन सकून् ।<br>भजनसंग्रह १०३:७ | **५ 18**<br>नेपाल देशमा रहेका सम्पूर्ण साना ठूला मण्डलीहरू साक्षीको जीवन जिएर प्रभुलाई महिमा दिन सकून् ।<br>एफिसी ५:१-२ | **१२ 25**<br>गाउँघरमा रहेका मण्डलीहरू साथै शाखा/आवद्ध मण्डलीहरू प्रभुको प्रेममा दिन प्रतिदिन बढ्दै जान सकून् ।<br>हितोपदेश २:७-८ |
| **सोमबार MONDAY** | **२३ 5**<br>मण्डलीमा भइरहेको प्रार्थना सभाहरू, अरू समय र ठाउँहरूमा पनि प्रार्थना सभाहरू साथै प्रार्थना गर्नेहरू अझ बढेर गएको होस् ।<br>मत्ती १८:१९-२० | **३० 12**<br>विश्वव्यापी मण्डलीमा रहेकाहरूले परमेश्वरलाई आत्मा अनि सत्यतामा पुकार्ने, उहाँको भय मान्ने र उहाँलाई प्रेम गर्नेहरू हुन सकून् ।<br>यूहन्ना ४:२३-२४ | **६ 19**<br>मण्डलीका प्रत्येक विश्वासीहरूको जीवन एकअर्काको निम्ति आशिष् र आत्मिक उन्नतिको कारण हुन सकून् ।<br>रोमी १४:१९ | **१३ 26**<br>नेइमअन्तर्गतका मण्डलीहरूमा संख्यात्मक वृद्धिको साथै प्रभुमा पाको, बलियो मण्डली बनिँदै जान सकौं ।<br>एफिसी ३:१४-१९ |
| **मंगलबार TUESDAY** | **२४ 6**<br>मण्डलीमा पूरा समय काम गर्ने सेवक/सेविकाहरू प्रभुमा अझै समर्पित भएर अरूको निम्ति आशिषको कारण बन्न सकून् ।<br>२ कोरिन्थी ६:३-१० | **३१ 13**<br>परमेश्वरप्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाइको दशांश साथै अन्य भेटीहरू चढाउने काममा सधैं इमान्दारी भइरहन सकौं ।<br>२ कोरिन्थी ९:६-११ | **७ 20**<br>मण्डलीका सबै विश्वासीहरू आफ्नो धन सम्पत्तिद्वारा पनि परमेश्वरलाई सधैं आदर, इज्जत दिइरहन सकून् ।<br>हितोपदेश ३:९-१० | **१४ 27**<br>येशू प्रभुलाई विश्वास गर्नेहरू केवल विश्वासीहरू मात्र होइन तर खीष्टको चेलाहरू भएर जिउन सकून् ।<br>कलस्सी १:२८ |
| **बुधबार WEDNESDAY** | **२५ 7**<br>घरेलु संगतिका सबै अगुवाहरूले आफ्नो झुण्डलाई हुर्काउने, बढाउने काम पवित्र आत्माको सहायताद्वारा गर्दै जान सकून् ।<br>१ पत्रुस ५:२-४ | **१ वैशाख (२०६७) 14**<br>आज हुने नव वर्षको प्रार्थना र बसन्त संगतिको लागि विशेष आशिष मागौं ।<br>मीका ४:५ | **८ 21**<br>प्रभुलाई चिनेर पनि फेरि संसारतिर फर्केर गएकाहरू अनुग्रहको समय छँदा नै पश्चात्तापी भई प्रभुमा फर्कन सकून् ।<br>यर्मिया ३१:१६-२० | **१५ 28**<br>अधुरा घरानामा रहेका विश्वासीहरूले परमेश्वरलाई सबै अवस्थामा प्रेम गर्न सकून् र प्रभुमा स्थिर रहिरहन सकून् ।<br>याकूब १:१२ |
| **बिहीबार THURSDAY** | **२६ 8**<br>प्रत्येक परिवारले प्रभुलाई पाहुना होइन तर प्रभुको स्थानमा राखेर आदर दिनेहरू हुन सकौं ।<br>मत्ती ७:२१-२३ | **२ 15**<br>हरेक अभिभावकहरू आफै पनि प्रभुमा रहेको साथै आफ्ना छोराछोरीहरूलाई पनि प्रभुको सर-सल्लाह र शिक्षामा हुर्काउनेहरू हुन सकून् ।<br>व्यवस्था ६:४-१२ | **९ 22**<br>बाल संगति सबै बाल बालिकाहरू सानैदेखि प्रभुमा बढ्दै जान सकून् साथै सबै शिक्षक/शिक्षिकाहरूको सेवकाईमा आशिष मागिदिऔं ।<br>यशैया ५४:१३ | **१६ 29**<br>यहोवा यीरे जवानहरूले आफ्ना नयाँ साथीहरूलाई प्रभुमा जित्ने काममा बोझसँग लागिपर्न सकून् ।<br>प्रेरित २०:२४ |
| **शुक्रबार FRIDAY** | **२७ 9**<br>विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाई गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको अगुवाई र अभिषेक मागिदिऔं ।<br>२ कोरिन्थी २:१४-१७ | **३ 16**<br>प्रत्येक शनिबार आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचनअनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं ।<br>प्रस्थान १९:५-६ | **१० 23**<br>भोलि नेपाल देशभरि हुने आराधना सेवाहरूमा पवित्र आत्मा परमेश्वरको गहिरो काम मण्डलीको जीवनमा मागौं ।<br>प्रेरित २:४६-४७ | **१७ 30**<br>प्रत्येक शनिबार नयाँ आउनेहरू सबैले प्रभु येशूद्वारा पाइने मुक्ति र अनन्त जीवनलाई ग्रहण गर्न सकून् ।<br>रोमी १०:८-१३ |
| **शनिबार SATURDAY** | **२८ 10**<br>मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाई, स्थानीय संगति साथै सबै आवश्यकताहरूको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह १२८:१-६ | **४ 17**<br>देशभित्र र देशबाहिर काम, पढाई, सेवकाईको निम्ति जानुभएकाहरू सधैं परमेश्वरमा विश्वासयोग्य भई उहाँको नजीक रहिरहन सकून् ।<br>भजनसंग्रह १७:५-८ | **११ 24**<br>भारतको मुम्बई, पुना र अन्य कति ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागि प्रार्थना गरौं ।<br>यर्मिया ३१:४,११ र १६ | **१८ May 1**<br>स्कुल, कलेज, उच्च शिक्षाको साथै विभिन्न तालिम लिइराख्नुभएकाहरूको पढाई साथै तालिममा आशिष मागिदिऔं ।<br>हितोपदेश ३:१-६ |

उहाँ सबैका निम्ति मर्नुभयो, ताकि बाँच्नेहरू अब उसो आफ्नै निम्ति बाँच्ने होइन, तर उहाँको निम्ति बाँचून्, जो तिनीहरूका खातिर मर्नुभयो, र फेरि जीवित पारी उठाइनुभयो ।

२ कोरिन्थी ५:१५

प्रकाशक: नेइम ग्रोलिश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं ४४७४४८९/४४७२१७२
email:nim@wlink.com.np, www.nim.org.np